बालविकास केन्द्रको शैक्षणिक अवस्था

भगवता मल्ल

पा.सं. ४६१

२०७०

# बालविकास केन्द्रको शैक्षणिक अवस्था

शिक्षाशास्त्र संकाय, स्नातकोत्तर तह, पाठ्यक्रम तथा मूल्याङ्कन मूल विषयको आंशिक आवश्यकता पूरा गर्नका लागि प्रस्तुत

शोध प्रतिवेदन

प्रस्तुतकर्ता

भगवता मल्ल

परीक्षा रोल नं. : २८०१०५/०६८

त्रि.वि. दर्ता नं.: ९-२-५८२-२४-२००६

त्रिभुवन विश्वविद्यालय

शिक्षाशास्त्र केन्द्रिय विभाग

पाठ्यक्रम तथा मूल्याङ्कन शिक्षण विभाग

कीर्तिपुर, काठमाडौं

२०७०

**त्रिभुवन विश्वविद्यालय**
**शिक्षाशास्त्र केन्द्रिय विभाग**
**पाठ्यक्रम तथा मूल्याङ्कन शिक्षण विभाग**
**कीर्तिपुर, काठमाडौं**

## सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र केन्द्रिय विभाग, कीर्तिपुर काठमाडौंमा स्नातकोत्तर तह दोस्रो वर्ष पाठ्यक्रम तथा मूल्याङ्कन विभागकी छात्रा भगवता मल्लले “बालविकास केन्द्रको शैक्षणिक अवस्था” शीर्षकमा शोधपत्र मेरो प्रत्यक्ष निगरानीमा तयार पारेको र सो कार्यबाट म सन्तुष्ट भएकोले मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

..............................................

प्रा.डा. तीर्थराज पराजुली
शोधनिर्देशक

मिति : ४ अप्रिल २०१४

**त्रिभुवन विश्वविद्यालय**
**शिक्षाशास्त्र केन्द्रिय विभाग**
**पाठ्यक्रम तथा मूल्याङ्कन शिक्षण विभाग**
**कीर्तिपुर, काठमाडौं**

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र केन्द्रिय विभाग, कीर्तिपुर काठमाडौंमा स्नातकोत्तर तह दोस्रो वर्ष पाठ्यक्रम तथा मूल्याङ्कन विभागकी छात्रा भगवता मल्लले तयार पार्नुभएको "बालविकास केन्द्रको शैक्षणिक अवस्था" शीर्षकको शोध प्रतिवेदन आवश्यक मूल्याङ्कन गर्न सिफारिस साथ पेश गर्नु भएकोमा मूल्याङ्कन समितिबाट मूल्याङ्कन गरी स्वीकृत गरिएको छ ।

| **मूल्याङ्कन समिति** | **हस्ताक्षर** |
|---|---|
| प्रा. स्वयम् प्रकाश ज.व.रा.<br>विभागीय प्रमुख | ..................................... |
| प्रा.डा. तीर्थराज पराजुली<br>शोधनिर्देशक | ..................................... |
| प्रा. कुलनरसिंह श्रेष्ठ<br>बाह्य परीक्षक | ..................................... |

मिति : ११ अप्रिल २०१४

# कृतज्ञता ज्ञापन

प्रस्तुत “बालविकास केन्द्रको शैक्षणिक अवस्था” शीर्षकको शोधपत्रको प्रस्तावना कार्यदेखि अन्त्यसम्म आफ्नो अमूल्य समय दिई आवश्यक निर्देशन, सल्लाह सुझाव एवम् प्रेरणा प्रदान गर्नु हुने पाठ्यक्रम तथा मूल्याङ्कन शिक्षण विभागका प्रमुख प्रा. स्वयम् प्रकाश ज.व.रा. ज्यू प्रति हृदयदेखि नै आभार प्रकट गर्दछु । यसका साथै यो शोधपत्र लेखन कार्यमा सुपरीवेक्षण गर्दै विभिन्न सल्लाह सुझाव प्रदान गर्नुहुने शोध निर्देशक प्रा.डा. तीर्थराज पराजुली प्रति धन्यवाद ज्ञापन गर्दछु ।

शोधपत्र तयारीका क्रममा आवश्यक सूचना उपलब्ध गराई सहयोग पुऱ्याउने प्युठान जिल्ला खुङ्ग गा.वि.स.मा सञ्चालित ध्रुवतारा बालविकास केन्द्र, गौमुखी बालविकास केन्द्र र सोहि वालविकास केन्द्रका सहयोगी कार्यकर्ता, व्यवस्थापन समितिका सदस्य र अभिभावकहरूप्रति धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

भगवता मल्ल

## शोधसार


आधुनिक नेपालको शैक्षिक इतिहासमा पूर्व प्रारम्भिक शिक्षासम्बन्धी औपचारिक थालनी सरकारी स्तरमा वि.सं. २००७ सालमा काठमाडौंमा एउटा मन्टेश्वरी स्कुलको स्थापनाबाट भएको पाइन्छ । वर्तमान समयमा शिक्षा विभाग अन्तर्गत प्रारम्भिक बालविकास शाखाको स्थापना गरी बालविकास केन्द्र सञ्चालनका लागि आवश्यक पूर्वाधारहरू तयार पार्ने कार्य प्रारम्भ गरेको छ । हाल शिक्षा विभागले प्रारम्भिक बालविकास पाठ्यक्रम वि.सं. २०६२ सालमा निर्माण गरी लागु गरिरहेको छ ।

बालविकास केन्द्रको शैक्षणिक अवस्था शीर्षकमा गरिएको यस अध्ययनका मुख्य उद्देश्यहरूमा बालविकास केन्द्रमा संलग्न सहयोगी कार्यकर्ताको विषयवस्तु सम्बन्धी ज्ञान एवम् दक्षताको अवस्था पहिचान गर्ने र पाठ्यक्रम कार्यान्वनयको अवस्था पहिचान गर्ने रहेका थिए । यो अध्ययन प्यूठान जिल्लाको खुङ्ग गा.वि.स.मा सञ्चालित तीन वटा बालविकास केन्द्रमा गरिएको थियो । प्रमुख सूचना दाताका रूपमा बालविकास केन्द्रका सहयोगी कार्यकर्ता, व्यवस्थापन समितिका सदस्यहरू र अभिभावकहरूलाई लिइएको थियो । सूचना संकलनका साधनका रूपमा उपलब्धी परीक्षण, अवलोकन फारम र अन्तर्वार्ता सूचीलाई लिइएको थियो ।

सहयोगी कार्यकर्ताहरूको ज्ञानको अवस्थालाई समष्टिगत रूपमा हेर्दा ४५ पूर्णाङ्कमा औसत प्राप्ताङ्क २३.६ प्रतिशत र औसत प्राप्ताङ्क प्रतिशत ५२.५ हुन आउँछ । यसबाट सहयोगी कार्यकर्ताको ज्ञानको अवस्थालाई समान्य रहेको भन्न सकिन्छ । सहयोगी कार्यकर्ताले केन्द्रमा सञ्चालन गर्ने पाठ्यक्रमीय क्रियाकलापलाई हेर्दा ४० प्रतिशत मात्र गराएको पाइयो । यो न्यून उपलब्धी हो । यस्तै दक्षताको अवस्था भनेर पाठ्यक्रमले तोकेका क्षेत्रको व्यवहारिक पक्षलाई हेरिएको थियो । जस अन्तर्गत दैनिक रूपमा सञ्चालन गर्नुपर्ने क्रियाकलाप, कक्षाकोठा व्यवस्थापन र बाह्य क्रियाकलापलाई अवलोकन गरिएको थियो । जसमा समूह कार्य, संगित तथा अभिनय, स्वतन्त्र क्रियाकलाप र खेलका लागि उचित व्यवस्था, दैनिक कार्यतालिका अनुरूप क्रियाकलाप गर्ने व्यवस्था र स्वास्थ्य तथा जीवनोपयोगी सीप विकास गराउने क्रियाकलाप कुनै पनि बालविकास केन्द्रमा नगराएको पाइयो । पाठ्यक्रम कार्यान्वयनमा विभिन्न समस्या जस्तै सहयोगी कार्यकर्ताले तालिम नपाएको र क्रियाकलाप गराउन सामग्रीको अभाव देखियो ।

पाठ्यक्रम कार्यान्वयनका सन्दर्भमा अभिभावक र व्यवस्थापन समितिको धारणा थाहा पाउन अन्तर्वार्ता सूचीको प्रयोग गरिएको थियो । जसमा दुई प्रकारको विचार प्राप्त भएको थियो । शिक्षित अभिभावक र व्यवस्थापन समितिका सदस्यहरूले पाठ्यक्रम अनुसारनै बालबालिकाको चौतर्फी विकास गराउने खालका क्रियाकलाप गराउनु पर्ने धारणा व्यक्त गरेका थिए भने अशिक्षित अभिभावकहरुले पढाई लेखाइमानै जोड दिनुपर्ने र त्यही अनुरुप सहयोगी कार्यकर्ताले गर्नुपर्ने धारणा व्यक्त गरेका थिए ।

# विषयसूची

सिफारिस पत्र
स्वीकृति पत्र
कृतज्ञताज्ञापन
शोधसार
विषयसूची
तालिका सूचि
चित्र सूची

**अध्याय एक : परिचय**

| | | |
|---|---|---|
| १.१ | अध्ययनको पृष्ठभूमि | १ |
| १.२ | समस्याको कथन | ६ |
| १.३ | अध्ययनको उद्देश्य | ७ |
| १.४ | अनुसन्धान प्रश्नहरू | ८ |
| १.५ | अध्ययन महत्त्व | ८ |
| १.६ | अध्ययनका सीमाहरू | ९ |
| १.७ | शब्दावलीको परिभाषा | ९ |
| **अध्याय दुई : साहित्यको पुनरावलोकन** | | **११-२०** |
| २.१ | सैद्धान्तिक साहित्यको समीक्षा | ११ |
| | २.२.१ पूर्व बाल्यावस्थाको शिक्षाको शैद्धान्तिक पक्ष | ११ |
| | २.१.२ पूर्व बाल्यावस्थाको विकास सम्बन्धी नीतिहरू | १४ |
| २.२ | सम्बन्धित अध्ययनको पुनरावलोकन | १७ |
| २.३ | अध्ययनको अवधारणात्मक ढाँचा | २० |
| **अध्याय तीन : अध्ययन विधि** | | **२१-२४** |
| ३.१ | तथ्याङ्कका स्रोतहरू | २१ |
| ३.२ | अनुसन्धान ढाँचा | २१ |
| ३.३ | जनसंख्या र नमूना छनौट प्रक्रिया | २२ |
| ३.४ | तथ्याङ्क संकलनका साधनहरू | २२ |
| | ३.४.१ सहयोगी कार्यकर्ताका लागि उपलब्धी परीक्षण | २२ |
| | ३.४.२ सहयोगी कार्यकर्ता, अभिभावक र व्यवस्थापन समितिका लागि अन्तवार्ता सूची | २३ |
| | ३.४.३ अवलोकन फारम | २३ |
| | ३.४.४ दस्तावेज विश्लेषण फारम | २३ |
| ३.५ | विश्वसनियता र वैधता निर्धारण | २४ |
| ३.६ | तथ्याङ्क संकलन र विश्लेषण प्रक्रिया | २४ |

३.७ समय तालिका २४

**अध्याय चार : सूचनाको विश्लेषण र व्याख्या** **२५–३९**

४.१ बालविकास कार्यक्रमका लागि पाठ्यक्रममा निर्धारित भूमिकाबारे सहयोगी कार्यकताको ज्ञान एवम् दक्षताको अवस्था २५

४.१.१ बालविकास कार्यक्रमका लागि पाठयक्रममा निर्धारित भूमिका बारे सहयोगी कार्यकर्ताको ज्ञानको अवस्था २६

४.१.२ बालविकास कार्यक्रममा संलग्न सहयोगी कार्यकर्ताको दक्षताको अवस्था २९

४.२ बालविकास केन्द्रमा पाठ्यक्रम कार्यान्वयनको अवस्था ३३

४.३ पाठ्यक्रम कार्यान्वयनमा सहयोगी कार्यकर्ताको ज्ञान एवम् दक्षता सबन्धमा सरोकारवाला पक्षको धारणा ३५

४.३.१ अभिभावकको धारणा ३६

४.३.२ व्यवस्थापन समितिका सदस्यहरूको धारणा ३८

**अध्याय पाँच : प्राप्ति, निष्कर्ष तथा सुझाव** **४०–**

५.१ प्राप्ति ४०

५.२ निष्कर्ष ४१

५.३ सुझाव ४३

**सन्दर्भसूची** **४५**

**अनुसूचीहरु** **४६–५४**

# तालिका सूची


| | | | |
|---|---|---|---|
| तालिका नं. ३.१ | : | उपलब्धी परीक्षणको क्षेत्रगत प्रश्न संख्या र पूर्णाङ्क | २३ |
| तालिका नं. ४.१ | : | समष्टिगत रूपमा सहयोगी कार्यकर्ताको औसत उपलब्धी स्तर | २७ |
| तालिका नं. ४.२ | : | बालविकास केन्द्रका सहयोगी कार्यकर्ताको ज्ञानको क्षेत्रगत उपलब्धी स्तर | २७ |
| तालिका नं. ४.४ | : | दैनिक रुपमा सञ्चालन गरिने क्रियाकलाप सम्बन्धी दक्षता | ३० |
| तालिका नं. ४.४ | : | कक्षाकोठा व्यवस्थापन कार्य सम्बन्धी दक्षता | ३१ |
| तालिका नं. ४.५ | : | बाह्य क्रियाकलाप सञ्चालन कार्य सम्बन्धी दक्षता | ३२ |


# चित्र सूची


चित्र नं. ४.१ : सहयोगी कार्यकर्ताको विषयवस्तुको क्षेत्रगत उपलब्धी स्तर २८